# <u>संवैधानिक परिषद् (काम, कर्तव्य, अधिकार र कार्यविधि) सम्बन्धी ऐन, २०६६ लाई संशोधन गर्न बनेको विधेयक</u>

<u>प्रस्तावनाः</u> संवैधानिक परिषद् (काम, कर्तव्य, अधिकार र कार्यविधि) सम्बन्धी ऐन, २०६६ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

सङ्घीय संसदले यो ऐन बनाएको छ।

१. <u>संक्षिप्त नाम र प्रारम्भः</u> (१) यस ऐनको नाम "संवैधानिक परिषद् (काम, कर्तव्य, अधिकार र कार्यविधि) सम्बन्धी (पहिलो संशोधन) ऐन, २०७९" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. <u>संवैधानिक परिषद् (काम, कर्तव्य, अधिकार र कार्यविधि) सम्बन्धी ऐन, २०६६ को दफा ६ मा संशोधनः</u> संवैधानिक परिषद् (काम, कर्तव्य, अधिकार र कार्यविधि) सम्बन्धी ऐन, २०६६ को दफा ६ को सट्टा देहायको दफा ६ राखिएको छः-

"६. <u>परिषद्को बैठक सम्बन्धी कार्यविधिः</u> (१) परिषद्को बैठक आवश्यकता अनुसार अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(२) अध्यक्षको निर्देशन अनुसार सचिवले परिषद्को बैठक बस्ने मिति, समय र स्थान तथा छलफलको विषय सूची सहितको सूचना बैठक बस्नुभन्दा कम्तीमा अठ्चालिस घण्टा अगावै सदस्यहरुलाई पठाउनु पर्नेछ।

(३) परिषद्को बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ।

(४) परिषद्को बैठकमा छलफलको विषय सूचीमा रहेको विषयको अतिरिक्त कुनै सदस्यले अन्य कुनै विषयमा छलफल गराउन चाहेमा अध्यक्षको अनुमति लिई त्यसरी छलफल गर्न चाहेको विषयमा बैठकमा प्रस्ताव राख्न सक्नेछ।

(५) परिषद्को बैठकमा तत्काल बहाल रहेका सबै सदस्य उपस्थित हुनु पर्नेछ।

(६) परिषद्को बैठकमा पेश भएको प्रत्येक विषयको निर्णय सर्वसम्मतिको आधारमा हुनेछ।

(७) परिषद्को बैठकमा उपदफा (५) बमोजिम सबै सदस्य उपस्थित नभएमा वा उपदफा (६) बमोजिम कुनै विषयमा सर्वसम्मति कायम हुन नसकेमा सो बैठकका विषय सूचीमा छलफल र निर्णय गर्न अध्यक्षले बैठक बस्ने मिति, समय र स्थान तय गरी अर्को बैठक बोलाउनेछ र यसरी बोलाइएको बैठकको मिति, समय र स्थान सम्बन्धी सूचना सचिवले सदस्यहरुलाई पठाउनु पर्नेछ।

(८) उपदफा (७) बमोजिम बैठक बोलाउँदा बैठक बस्ने समय भन्दा अठ्चालिस घण्टा अगावै बैठक बस्ने गरी समेत बोलाउन सकिनेछ।

(९) उपदफा (७) बमोजिमको बैठकमा अध्यक्ष र तत्काल बहाल रहेका कम्तीमा पचास प्रतिशत सदस्यहरु उपस्थित भएमा परिषद्को बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ।

(१०) उपदफा (७) बमोजिमको बैठकमा कुनै विषयमा सर्वसम्मतिबाट निर्णय हुन नसकेमा अध्यक्ष र तत्काल बहाल रहेका कम्तीमा पचास प्रतिशत सदस्यको बहुमतबाट निर्णय गरिनेछ।

(११) उपदफा (२) वा (७) बमोजिम परिषद्को बैठक बस्ने मिति, समय र स्थानको जानकारी सचिवले सदस्यलाई विद्युतीय माध्यमबाट समेत गराउन सक्नेछ।

(१२) परिषद्ले गरेको निर्णयको अभिलेख सचिवले तयार गरी अध्यक्ष तथा बैठकमा उपस्थित सदस्यहरुको हस्ताक्षर गराई राख्नु पर्नेछ।

(१३) परिषद्को बैठक सम्बन्धी अन्य कार्यविधि आवश्यकता अनुसार परिषद् आफैंले निर्धारण गर्नेछ।"